# बर्खास्त गरिएका बिदेशीहरुको लागि रोजगार निरन्तरता सहयोगको जानकारी

कोरोना भाईरस संक्रमणको प्रभावका कारण बर्खास्त आदिमा परी प्रशिक्षणको निरन्तरतामा समस्या परेका प्राबिधिक प्रशिक्षार्थी आदि **बिदेशी कामदारहरुले पुन: रोजगार प्राप्त गरी रोजगारलाई निरन्तरता दिन सकोस भन्ने उदेश्यले** केहि समयको लागि बिशेष ब्यवस्था स्वरुप **अधिकतम १ बर्षको "बिशेष कृयाकलाप अर्थात तोकुतेइखाचुदोउ (काम गर्न मिल्ने)" भिसा** दिने भएको छ ।

(नोट) यसरि एक बर्षसम्म बस्नु भएर पनि, देश फर्कन गाह्रो छ भने, ६ महिनाको दायरा भित्र निवासको अवधिको नवीकरण गर्न सक्नुहुनेछ।

## लक्षित ब्यक्ति

**निम्न अनुसारको ब्यक्ति भई काम परिवर्तन वा नयाँ कामको लागि करार (नोट) गरेको**



- ○ बर्खास्तमा परी प्रशिक्षणको निरन्तरतामा समस्या परेको प्राबिधिक प्रशिक्षार्थी
- ○ बर्खास्तमा परी कामको निरन्तरतामा समस्या परेको बिदेशी कामदार
  (भिसाको प्रकार "तोकुतेइ गिनोउ", "ईन्जिनियर/मानबिकी/अन्तरर्राष्ट्रिय सेवा", "स्किल्ड लेबर" आदि)
- ○ नियुक्ति पत्र अर्थात नाइतेइ रद्द गरिएका बिदेशी बिद्यार्थी आदि
- ○ प्राबिधिक प्रशिक्षण समाप्त गरी देश फ़र्कन समस्यामा परेका ब्यक्ति आदि

(नोट) निर्दिष्ट उद्योग क्षेत्रमा काम गर्दै, निर्दिष्ट सीपको काममा आवश्यक सीप प्राप्त गर्नको लागि निवासको निरन्तरता चाहने व्यक्तिहरुका लागि मात्र।

## आवेदन प्रकृया

बिदेशीहरुको बसोवास रहेको क्षेत्रको सम्बन्धित अध्यागमन बिभागका शाखा तथा काउन्टरमा गएर "तोकुतेइ खाचुदोउ (काम गर्न मिल्ने)" भिसामा परिवर्तन गर्नको लागि आवेदन दिनुहोस् ।

माथी उल्लेखित लक्षित ब्यक्ति मध्ये **कामको परिवर्तन वा काम पाउन गाह्रो भएको खण्डमा राष्ट्रको सहयोगमा संचालित कामदार खोज्ने ब्यवसायीसंग मिलान (म्याचिङ) को लागि सहयोग लिन सकिने छ ।**



**सम्पर्कको लागि : नजिकको क्षेत्रीय अध्यागमन बिभागको शाखा तथा काउन्टरमा जानुहोस् ।**

सम्पर्क नं. तालिका : http://www.moj.go.jp/isa/about/region/index.html

## मिलान (म्याचिङ) को प्रकृया

**चरण-१**

नाम, सम्पर्क, ईच्छा गरेको क्षेत्र (बिशेष औद्योगिक क्षेत्र) आदि आवश्यक जानकारीहरु "ब्यक्तिगत बिवरण समझदारी पत्र" मा भरी बुझाउनुहोस् (नोट)

(नोट) "तोकुतेइ गिनोउ" को हकमा क्षेत्रीय अध्यागमन शाखा र त्यस बाहेकका भिसाको हकमा अध्यागमन बिभागमा बुझाउनुहोस् ।

"ब्यक्तिगत बिवरण सम्बन्धी समझदारी" →

**चरण-२**

अध्यागमन बिभागबाट सम्बन्धित मन्त्रालय/बिभाग मार्फ़त काम लगाउने संस्थामा बुझाइन्छ

**चरण-३**

काम लगाउने संस्थाबाट काम परिवर्तन वा काम गर्ने कम्पनीमा म्याचिङ गरिन्छ

**चरण-४**

काम परिवर्तन वा नयाँ काम गर्ने कम्पनी संग रोजगार करार गरिन्छ



**चरण-५**

क्षेत्रीय अध्यागमन बिभागको शाखा वा काउन्टरमा "तोकुतेइ खाचुदोउ (काम गर्न मिल्ने)" को लागि भिसा परिवर्तन आवेदन, अनुमति